जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ७ २०७८ साल साउन ८ गते शुक्रबार (23 July 2021 Friday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : लामो समयदेखि लिलाम नहुँदा... ३ पृष्ठमा : बैंकिङ सिष्टम ह्याक ... ३ पृष्ठमा बगदादामा भएको हमलाको ...

# हिन्दु धर्मको आस्थाप्रति चोट पुर्‍याएको भन्दै पूर्वप्रधानमन्त्री डा. भट्टराईको पुतला दहन



**दैनिक समाचारदाता**
**राजविराज, ७ साउन ।**

हिन्दु धर्मको आस्थाप्रति चोट पुर्‍याएको भन्दै विश्व हिन्दु परिषद् सप्तरीले बिहीबार पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईको पुतला दहन गरेको छ ।

भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगि आदित्यनाथले गंगा नदीमा दुध चढाएको विषयमा पूर्वप्रधानमन्त्री डा. भट्टराईले ट्वीटरमार्फत गरेको टिप्पणीको बिरोध गर्दै परिषद्का अगुवाहरुले पुतला दहन गरेको हो ।

राजविराजस्थित हनुमान मन्दिर अगाडीबाट निस्केको जुलुस नगर परिक्रमा गर्दै जनआन्दोलन

*बाँकी दुई पृष्ठमा*

# सय दिन काम गर्दा ६० दिनको मात्र पारिश्रमिक दिएको भन्दै तालाबन्दी



**दैनिक समाचारदाता**
**राजविराज, ७ साउन ।**


प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत काम गरेको पुरै ज्याला नपाएको भन्दै बिहीबार राजविराज नगरपालिका वडा नं. १५ को कार्यालयमा तालाबन्दी गरिएको छ ।

कुलोपैनी मर्मत र सम्भार कार्यमा एक सय दिन खटाई ६० दिनको मात्र भुक्तानी दिएको भन्दै उनीहरुले प्रदर्शन गर्दै तालाबन्दी गरेका हुन् ।

वडा अध्यक्ष रामप्रसाद यादवले ४० दिनको बाँकी रकम अनियमितता गरेको भन्दै स्थानिय कामदारहरुले बिरोध प्रदर्शन गर्दै तालाबन्दी गरेको जनाइएको छ ।


उनीहरुले टायर बालेर चर्को नाराबाजी गर्दै तालाबन्दी गरेपछि वडा कार्यालयको सबै कामकाज

*बाँकी अन्तिम पृष्ठमा*




**दुई पाङ्ग्रे सवारी साधनको अगाडी/पछाडी स-साना बालबालिका राखी सवारी साधन चलाउँदा अनिवार्यरुपमा बालबालिकालाई सुरक्षित बेल्टले बाँधी आवश्यकताअनुसार हेल्मेटसमेत लगाईदिने गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



## सम्पादकीय

# गर्मी, पानी अनि बिरामी

बढ्दो गर्मीसंगै जनजीवन कष्टकर बन्दै गएको छ । गर्मी बढेपछि पानी पर्छ अनि त्यो पानीमा भिजेपछि बिरामी परिन्छ । अहिलेको मौसम यस्तै हो । जसबाट हामी बच्नु अति आवश्यक छ । हाल यस्तै मौसमका कारण बालबालिकाहरु बिरामी पर्दै गएका छन् । सुरुमा ज्वरो अनि पेट दुखाई, रुघाखोकी लगायतका लक्षण देखापर्दछ ।

त्यस्तै बढ्दो गर्मीसंगै लामखुट्टेको प्रकोप समेत बढेकोले आम सर्वसाधारणहरुले सास्ती व्हहोर्नु परेको छ । गर्मीका कारण आम सर्वसाधारणहरुमा पीडा थप्दै गएपनि सम्बन्धित निकायहरु भन्ने मौनता भएर बसेका छन् । अत्याधिक फोहर र सरसफाइको अभावमा नगरभित्र लामखुट्टेको प्रकोप बढ्दै जाँदा पनि सम्बन्धी निकाय लामखुट्टे नियन्त्रण गर्ने सन्दर्भमा मौन भएर बसेका छन् ।

गर्मीले बढाएको पीडामा राहत पुऱ्याउने कार्यमा स्थानीय सम्बन्धित निकायहरु नै सक्रिय भएमा सर्वसाधारणहरुले केही हदसम्म राहत पाउने निश्चित देखिन्छ । त्यसैले अब पनि ती निकायहरु सर्वसाधारणहरुको पीडामा राहत पुऱ्याउने काममा जुट्ने होइनन् त । यसबाहेक अभिभावकले आफ्ना बालबालिकालाई मौसमी बिरामी हुनबाट सक्दो प्रयास गरौं । उनीहरुको उचित हेरचार गरौं ।

# लामो समयदेखि लिलाम नहुँदा सवारी साधन कबाड बन्दै

लहान, ७ साउन (रासस) ।

लामो समयदेखि लिलाम नहुँदा सिरहाको ठाडी भन्सार कार्यालयमा राखिएका करोडौं मूल्य बराबरका सवारी साधन कबाड बन्दै गएका छन् । लामो र झन्झटिलो प्रक्रिया भएका कारण विगत तीन वर्षदेखि भन्सार कार्यालयले लिलाम गर्न नसक्दा १२० मोटरसाइकल र पाँच जिप कार कबाड बन्दै गएको हुन् ।

भन्सार कार्यालय परिसरमा थन्किएका कतिपय मोटरसाइकलका पाटपुर्जामा खिया लागेर लिलाम नै नहुने अवस्था भएको छ । "एकातिर समयमा लिलाम नहुँदा सवारी साधन कबाड बनिरहेका छन्, अर्कोतिर सवारी साधन थन्क्याउने ठाउँसमेत अभाव छ", भन्सार प्रमुख नरेश साहले भन्नुभयो, "हामीले पटक-पटक लिलामी प्रक्रिया थाले पनि प्रक्रिया लामो र झन्झटिलो भएका कारण अझै लिलाम गर्न सकेका छैनौं ।"

पत्राचार गरिएका अटोमोबाइल्स कम्पनीले विभिन्न बहाना बनाएर सवारी साधनको उत्पादन मिति नखुलाइ दिएकाले लिलामी प्रक्रिया नै रोकिएको उहाँको गुनासो छ । लहानस्थित मनकामना अटोमोबाइल्सका सञ्चालक शङ्कर चौधरीले आफूहरूसँग गाडीको उत्पादन मिति पत्ता लगाउने सफ्टवेयर नरहेकाले उत्पादन मिति खुलाउन नसकिएको बताउनुभयो । यसका लागि सवारी उत्पादन गर्ने कम्पनीलाई नै पत्राचार गर्नुपर्ने उहाँको भनाइ छ ।

स्थापनाकालदेखि नै जनशक्तिको अभाव झेल्दै आएको ठाडी भन्सारलाई लामो समयदेखि लिलाम नहुँदा सवारी थन्क्याउने ठाउँको समेत अभाव छ । ठाउँ नपाएर खुलारूपमै सवारी राख्दा वर्षायाममा सवारी साधनका पाटपुर्जामा खिया लागेर कबाड बन्दै गएको उहाँको भनाइ छ ।

छोटी भन्सारबाट स्तरोन्नति भएर भन्सार कार्यालय स्थापना भए पनि दरबन्दीअनुसार कर्मचारी नहुँदा ठूलो समस्या झेल्दै आएको कार्यालय प्रमुख साहले बताउनुभयो । कार्यालयमा कार्यालय प्रमुखसहित २० जनाको दरबन्दी भए पनि हाल कार्यालयमा प्रमुखसहित सात मात्र कर्मचारी कार्यरत छन् । दरबन्दीअनुसार कर्मचारी नहुँदा सवारी साधनको लिलामी प्रक्रियादेखि भन्सार राजश्व असुलीसम्म समस्या भइरहेको प्रमुख साहको भनाइ छ ।

कर्मचारी अभावका बाबजुद पनि ठाडी भन्सार कार्यालयले आव २०७७/७८ मा लक्ष्यभन्दा ४४ प्रतिशत बढी राजश्व सङ्कलन गरेको छ । सो कार्यालयले आव २०७७/७८ मा लक्ष्यभन्दा रु दुई करोड ८९ लाख ९२ हजार बढी राजश्व सङ्कलन गरेको हो । रु छ करोड ५६ लाख २० हजार सङ्कलनको लक्ष्य रहेकामा रु नौ करोड ४६ लाख १२ हजार राजश्व सङ्कलन भएको कार्यालय प्रमुख साहले जानकारी दिनुभयो ।

# सार्वजनिक सवारीमा भाडा समायोजनको माग

काठमाडौँ, ७ साउन (रासस) ।

मध्यम र छोटो दूरीका सवारी साधनमा भाडा समायोजन गरिनुपर्ने माग गर्दै यातायात व्यवसायी आन्दोलनमा उत्रिएका छन् ।

चक्रपथका विभिन्न स्थानमा जम्मा भएर उनीहरूले सङ्घीय सरकारले लामो दूरीको सवारीसाधनमा भाडा समायोजन गरेकाले छोटो र मध्यम दूरीका सवारीसाधनमा पनि भाडा समायोजन गर्न माग गरेका हुन् । व्यवसायीहरूले सबै यातायात मजदूरलाई कोभिड विरुद्धको खोप लगाउनें पनि माग गरेका छन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव सरोज सिटौलाले सङ्घीय सरकारले भाडा समायोजन गरेकै आधारमा प्रदेश र स्थानीय तहले पनि समायोजन गर्नुपर्नेमा जोड दिनुभयो । यातायात व्यवस्था विभागले गत असार ३० गते दुई वा दुईभन्दा बढी प्रदेशमा चल्ने यात्रुवाहक सवारीसाधनमा २८ प्रतिशत, तराईमा चल्ने सवारीसानधमा २० प्रतिशत र पहाडमा चल्ने मालवाहक सवारीसाधनमा २६ प्रतिशतसम्म भाडा बढाएको थियो ।

विसं २०६५ मा पेट्रोलियम पदार्थ, सवारीसाधन र त्यसको पार्टपूर्जाका आधारमा सार्वजनिक सवारीसाधनको भाडा निर्धारणसहित मापदण्ड तय गरिएको थियो । सो मापदण्डअनुसार पेट्रोलियम पदार्थको मूल्यलाई ३५ प्रतिशत र पार्टपूर्जालाई ६५ प्रतिशत आधार बनाइएको थियो । सोही आधारमा वार्षिकरूपमा भाडा समायोजन गरिनुपर्नेमा झण्डै नौ वर्षदेखि हुन नसकेको यातायात व्यवसायीको गुनासो छ ।

संविधानअनुसार यातायात क्षेत्रको व्यवस्थापनको जिम्मेवारी तीन तहमै बाँडिएको छ । स्थानीय तहभित्र गुड्नेको स्थानीय तह, प्रदेशभित्र गुड्नको प्रदेश सरकार र एकभन्दा बढी प्रदेशमा गुड्नेको व्यवस्थापन र नियमनको जिम्मेवारी सङ्घीय सरकारको हुने व्यवस्था छ ।

# खोप खरिदका लागि १९ अर्ब ८० करोड ऋण स्वीकृत

काठमाडौँ, ७ साउन (रासस) ।

एशियाली विकास बैंकले कोभिड-१९ विरुद्धको खोप खरिदका लागि रु १९ अर्ब ८० करोड ऋण प्रदान गर्ने भएको छ ।

बैंकले ६८ लाख नेपाली लाभान्वित हुने गरी एक करोड ५९ लाख मात्रा खोप खरिद गर्न उक्त रकम ऋणस्वरुप नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय बिहीबार गरेको मनिलास्थित बैंकको प्रधान कार्यालयले जनाएको छ ।

जीवनरक्षाका निम्ति अत्यावश्यक खोप खरिद गर्न तथा आफ्ना नागरिकहरूलाई सङ्क्रमणबाट बचाउन शीघ्र खोप खरिद गरी नागरिकलाई लगाउन अपरिहार्य भएको बताउँदै बैंकका अध्यक्ष मासाटुगु आशाकावाले अर्थतन्त्रलाई पुनर्जीवन दिन र नागरिकका दैनिकी एवं आर्थिक गतिविधि पुनःसञ्चालन गर्न नेपालका निम्ति खोप उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

### हिन्दु धर्मको ...

चौकमा पुगि पुतला दहन गरेको विश्व हिन्दु परिषद्का सगरमाथा सत्संग विभाग सहसंयोजक जंगबहादुर सिंहले जानकारी दिए ।

सहसंयोजक सिंहले भट्टराईको टिप्पणी हिन्दु धर्मप्रति आस्थावानहरुलाई चोट पुऱ्याउने खालको रहेको कारण विरोध गर्नुपरेको बताए ।

डा. भट्टराइले भारत उत्तरप्रदेशका मुख्यमन्त्री आदित्यनाथले गंगा नदीमा दुध चढाउँदै गरेको चित्रप्रति "विश्वास एउटा खतरनाक कुरा हो, यसले तपाईलाई दुध र मुत फयाक्न प्रेरित गर्छ" भनी ट्वीटरमार्फत टिप्पणी गरेका थिए ।

# निर्वाचन आयोगले जसपाका कार्यकारिणी सदस्यलाई कागजातसहित बोलायो

काठमाडौँ, ७ साउन (रासस) ।

निर्वाचन आयोगले सनाखतका लागि स्वयं उपस्थित हुन जसपाको कार्यकारिणी समिति सदस्यलाई अनुरोध गरेको छ । जसपाको विवाद निरुपणका लागि आयोगले गठन गरेको इजलासले दल एकीकरण हुँदाका बखत प्रस्तुत भएका कागजातसहित उपस्थित हुन आग्रह गरेको हो ।

निर्वाचन आयोगका प्रवक्ता राजकुमार श्रेष्ठका अनुसार जसपाको विवाद निरुपणका लागि आयोगले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपिसहित साउन ११ गते बिहान ११ बजे आयोगमा उपस्थित हुन आग्रह गरेको छ ।

जसपा नेपालको आधिकारिकतासम्बन्धी विवादबारे निर्वाचन आयोगमा दुवै पक्षको दाबी बहस बिहीबारै सकिएको हो । आयोगको इजलासमा पार्टीको आधिकारिकता माथि दाबी गर्दै जसपा अध्यक्ष महन्थ ठाकुर पक्षबाट आठ जना र उपेन्द्र यादव पक्षबाट छ जनाले बहस गरेका थिए ।

पार्टीको आधिकारिकता दाबी गर्दै जसपाको अध्यक्ष ठाकुर र अर्का अध्यक्ष उपेन्द्र यादव पक्षले निर्वाचन आयोगमा निवेदन दिएपछि आयोगले सो विवादको निरुपणका लागि इजलास गठन गरी साउन ३ गतेदेखि बहस चलाएको थियो । दुवै पक्षले पार्टी आधिकारिकताको दाबी गर्दै आएका छन् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



राजविराज नगरपालिकाको कार्यालय, सप्तरी

# बैंकिङ सिष्टम ह्याक प्रकरण : नेपाल राष्ट्र बैंक भन्छ-डराउनुपर्दैन

काठमाडौं, ७ साउन (रासस) ।

नेपाल राष्ट्र बैंकसहित १५ बैंकका बैंकिङ सिष्टम ह्याक गर्ने चेतावनी आएको छ ।

बुधबार साँझ राष्ट्र बैंकका प्रवक्ता, सहप्रवक्ता तथा विभिन्न बैंकका उच्च अधिकारीलाई चेतावनीपूर्ण इमेल आएको बताइएको छ ।

बुधबार साँझ इमेल आए तापनि बिहीबार बिहानै सिष्टम ह्याक गरी रकम निकाल्ने म्यासेज आएको राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका प्रमुख एवं प्रवक्ता देवकुमार ढकालले जानकारी दिनुभयो ।

उहाँका अनुसार आफूलाई ह्याकर बताउने समूहले राष्ट्र बैंकसहित १५ वाणिज्य बैंकको सिस्टम ह्याक गरी रकम निकाल्ने म्यासेज भाइबर र म्यासेन्जरमा प्राप्त भएको थियो ।

"मलाई भाइबर र म्यासेन्जरमा यस्तो म्यासेज प्राप्त भएको थियो, हामीले हाम्रो (नेपाल राष्ट्र बैंकको) र बैंकहरूको सिस्टम चेक गर्‍यौं, हाम्रो सिस्टम सुरक्षित छ, ह्याक भएको छैन, डराउनुपर्ने अवस्था छैन", उहाँले भन्नुभयो, "यो कार्य कानूनीरूपमा दण्डनीय हो, त्यसमाथि कारबाही हुन्छ ।"

उहाँका अनुसार इमेल र कल गर्ने व्यक्तिको विषयमा थप अनुसन्धान भइरहेको छ तर कसले त्यस्तो म्यासेज पठाएको भन्ने विषयमा हालसम्म केही खुलेको छैन ।

कसैले धम्क्याउने प्रयोजनका लागि पनि उक्त इमेल र फोन गरेको हुनसक्ने आशङ्का गरिएको बैंकका अधिकारीहरू बताउँछन् । ह्याकरले पठाएको भनिएको म्यासेजमा नेपाल राष्ट्र बैंक, कुमारी बैंक, नेपाल बैंक, नबिल बैंक, राष्ट्रिय वाणिज्य बैंक, माछापुच्छ्रे बैंक, एनएमबि बैंक, एनआइसी एशिया बैंक, बैंक अफ काठमाण्डू, सिटिजन्स बैंक इन्टरनेशनल, सानिमा बैंक, नेपाल एसबीआई, एभरेष्ट, नेपाल इन्भेष्टमेन्ट र हिमालय बैंकको नाम उल्लेख गरी ती बैंकको सिस्टम ह्याक गरेर रकम निकालिने बताइएको छ ।

साथै सो म्यासेजमा आफूले पठाएको सन्देशलाई हलुका रूपमा नलिन ह्याकरले चेतावनी पनि दिएको छ ।

# 'माधव समूहलाई आममाफी हुन्छ'

काठमाडौं, ७ साउन (रासस) ।

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीमा बाटो बिराएका माधव नेपाल समूहलाई आममाफी दिने बताउनुभएको छ । नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको ४३औं स्मृति दिवसका अवसरमा कµ बिहीबार आयोजित कार्यक्रममा ओलीले पार्टी एकता गरेर जान आग्रह गर्दै बाटो बिराएकालाई आममाफी दिने बताउनुभयो ।

"पुष्पलालबाट प्रेरणा लिऔं, महान् विचार कार्यान्वयन गर्न एक जुट होऔं, पद र स्वार्थका कुरा छाडौं, देशका कुरा गरौं, एकताका कुरा गरौं", अध्यक्ष ओलीले भन्नुभयो, "बाटो बिराएका र भड्किएकालाई आममाफी भयो ।"

पार्टी एकतालाई आग्रह गर्दै उहाँले भन्नुभयो, "आउनोस् मिलेर काम गरौं, यस आन्दोलनलाई मजबुत गरौं, एकजुट भएर जाउँ ।" यसअघि विभिन्न चरणका पार्टीको आचारसंहिता र विधि उल्लङ्घन गरेको भन्दै एमालले केहीलाई कारवाहीको घोषणा गरेको तर पुष्पलालको स्मृतिका अवसरमा पार्टी अध्यक्ष ओलीले सबैलाई आममाफी दिने घोषणा गर्नुभयो ।

उहाँले भन्नुभयो, "म सङ्गठनको प्रमुख हुँ, तर साथीहरू मलाई कु गर्दैछन्, कहिले अध्यक्षबाट हटाउने भन्छन्, केहीले साधारण सदस्यबाटै हटाउने भन्छन् ।" उहाँले फुटको बाटोमा लागेर पतनतिर जान नहुने र पुष्पलालले रोपेको बिरुवालाई सानोतिनो हावा हुन्डरीले केही असर नपार्ने जिकिर गर्नुभयो । अध्यक्ष ओलीले आफूलाई कुनै पनि आन्दोलले हल्लाउन नसकेपछि अदालतबाट परमादेशको सहारा लिएको दावी गर्नुभयो ।

एमाले स्थायी कमिटी सदस्य रामबहादुर थापाले पार्टी एकता र सुदृढीकरणको अभियानमा जानुपर्ने जरुरी भएकासमेत बताउनुभयो । नेकपाका संस्थापक महासचिव पुष्पलालको जन्म विसं १९८० मा रामेछापमा भएको थियो भने २०३५ साल साउन ७ गते निधन भएको थियो । उहाँले २००६ सालमा पहिलो पटक नेपालमा नेकपाको स्थापना गर्नुभएको थियो ।

# चीनबाट आठ लाख मात्रा खोप प्राप्त

काठमाडौं, ७ साउन (रासस) ।

छिमेकी मुलुक चीनबाट बिहीबार कोरोना भाइरसविरुद्धको खोप 'भेरोसेल' आठ लाख मात्रा प्राप्त भएको छ ।

चीनसँग खरीद गरिएको खोप नेपाल वायुसेवा निगमको वाइडबडी जहाजबाट बिहीबार खोप ल्याइएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिनुभयो । बिहीबार आएको खोप टेकुस्थित स्वास्थ्य सेवा विभागको चिस्यान केन्द्रमा राखि देशभरि पठाइने उहाँले बताउनुभयो ।

उहाँले निगमको नियमित उडानमार्फत लगातार चार दिनसम्म खोप चीनबाट आउने जानकारी दिनुभयो । यही साउन १५ गतेसम्म ३२ लाख मात्रा खोप नेपाल आउने मन्त्रालयले जनाएको छ । अहिलेसम्म ७३ लाख ८२ हजार ८५० मात्रा खोप आइसकेको छ ।






# विश्व समाचार

## बगदादामा भएको हमलाको राष्ट्रसङ्घद्वारा निन्दा

संयुक्त राष्ट्रसङ्घ, ७ साउन (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले सोमबार इराकको राजधानी बगदादामा भएको हमलाको निन्दा गरेको छ । बुधबार राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले सो हमलाको निन्दा गरेको बताइएको छ । इराकको राजधानी बगदादमा भएको सो हमलामा परी कैयौं नागरिकको ज्यान गएको थियो ।

राजधानी बगदादामा सोमबार भएको सो आत्मघाती बम हमलामा परी कम्तीमा पनि ३० जना मानिसको ज्यान गएको थियो । त्यस हमलामा परेर अरु करिब ५० जनाजति नराम्ररी घाइते भएका थिए । दिउसो भएको सो हमलामा परी यहाँका निर्दोष सर्वसाधारण नागरिकको ज्यान गएको थियो ।

राष्ट्रसङ्घीय सुरक्षा परिषद्का सदस्यले बुधबार एक विज्ञप्ति प्रकाशन गरेर सो हिंसात्मक घटनाको निन्दा गरेका बताइएको छ । ती सदस्यले उक्त हिंसात्मक हमलामा परेर ज्यान गुमाउने नागरिकप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन् भने घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरेका छन् ।

त्यसैगरी उक्त हलमामा जिम्मेवार व्यक्तिलाई कानुनी दायरमा ल्याएर कडाभन्दा कडा कारबाही गर्न पनि उनीहरुले माग गरेका छन् । सोमबारको सो हिंसात्मक हमलाको इस्लामिक स्टेटले जिम्मेवारी लिएको छ ।

## भारतमा फेरि बढे सङ्क्रमित

नयाँ दिल्ली, ७ साउन (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि वृद्धि भएको छ । सरकारी अधिकारीले दिएको विवरणअनुसार पछिल्लो २४ घण्टामा भारतमा ४१ हजार ३८३ जना कोरोनाभाइरसबाट सङ्क्रमित नयाँ थपिएका छन् ।

अघिल्ला केही दिनको तुलनामा यो सङ्ख्या धेरै भएकाले भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा फेरि वृद्धि भएको हो ।

सोही अवधिमा सङ्क्रमण मुक्त भएकाको सङ्ख्या पनि थपिएका सङ्क्रमितको सङ्ख्याभन्दा धेरै रहेकासमेतले सक्रिय सङ्क्रमितको सङ्ख्यासमेत बढ्दै गइरहेको छ ।

पछिल्लो एक दिनमा भारतमा कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएकाको सङ्ख्या ३८ हजार ६५२ रहेको अधिकारीले जानकारी दिएका छन् । योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएर पनि अहिले सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या तीन करोड चार लाख २९ हजार ३३९ पुगेको छ ।

भारतमा अहिले पनि कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाको कुल सङ्ख्या चार लाख नौ हजार ३९४ रहेको अधिकारीले जनाएका छन् । यो सङ्ख्या कुल सङ्क्रमितको सङ्ख्याको १.३१ प्रतिशत मात्रै हो ।

कोरोना भाइरसका कारण भारतमा अहिलेसम्म मृत्यु भएकाको सङ्ख्या चार लाख १८ हजार ९८७ रहेको छ । ती मध्ये ५०७ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

भारतीय चिकित्सा अनुसन्धान परिषद्का अनुसार भारतमा अहिलेसम्म ४५ करोड नौ लाख ११ हजार ७१२ स्वाब परीक्षण गरिएको छ । ती मध्ये १७ लाख १८ हजार ४३९ जनाको कोरोना परीक्षण पछिल्लो एक दिनमा गरिएको हअष्से ।

## विश्वभर तीन अर्ब ७१ करोड ५८ लाख ३८ हजार ५१ डोज खोप लगाइयो

बाल्टिमोर, मेरील्याण्ड ७ साउन (रासस/एएफपी) ।

विश्वभर तीन अर्ब ७१ करोड ५८ लाख ३८ हजार ५१ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ । कोरोनाविरुद्ध खोप लगाएका दश देशको तथ्याङ् यस प्रकार रहेका छन् ।

चीनमा एक अर्ब ४७ करोड ९५ लाख दुई हजार ८२९ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ । भारतमा ४१ करोड ७८ लाख ५१ हजार १५१ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ ।

अमेरिकामा ३३ करोड ८० लाख २५ हजार ९५० डोज कोरोनाविरुद्ध खोप लगाइएको छ । ब्राजिलमा ११ करोड ८९ लाख ५३ हजार ५३७ डोज कोरोना भाइरसविरुद्ध लगाइएको छ ।

जर्मनी आठ करोड ७१ लाख २१ हजार १२ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ । बेलायतमा आठ करोड ३४ लाख ९२ हजार ८३८ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ ।

जापान सात करोड ३९ लाख ७० हजार ८८८ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ । फ्रान्समा छ करोड ५७ लाख ४१ हजार ५५ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ । टर्कीमा छ करोड ४० लाख ५० हजार २२९ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ । इटाली छ करोड ३१ लाख २३ हजार ४५१ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ ।

## इन्डोनेसियामा डुङ्गा दुर्घटना हुँदा २४ को मृत्यु, ३१ घाइते

जाकार्ता, ७ साउन (रासस/सिन्ह्वा) ।

इन्डोनेसियामा डुङ्गा दुर्घटना हुँदा कम्तीमा २४ जनाको मृत्यु भएको छ भने अरु ३१ जना बेपत्ता भएका छन् । देशको पश्चिम कालिमान्थान प्रान्तमा सामुद्रीक आँधीका कारण १८ डुङ्गा पल्टिएको सरकारी अधिकारीले जानकारी दिनुभयो ।

उद्धारकर्ताले बेपत्ता भएकाको खोजी तीव्र बनाइएको पनि उनीहरुले बताएका छन् । उद्धारकर्ताले ८३ जनालाई भने सकुशल उद्धार गरेका छन् । बन्दरगाहा नजिकै दुर्घटना भएका डुङ्गा भने नियन्त्रणमा ल्याइसकिएको अधिकारीले जानकारी दिएका छन् ।

खोजी तथा उद्धार जारी रहेकाले मृत्यु भएकाको सङ्ख्या अझ धेरै हुनसक्ने उद्धारकर्ताले बताएका छन् । इन्डोनेसियामा सामुद्रीक आँधी बेलाबेलामा आइरहने र ठूलो मानवीय क्षीसति भइरहने गरेको छ ।

# चक्काजाम गर्दै सडकमै धान रोपेर बिरोध



**दैनिक समाचारदाता**
**राजविराज, ७ साउन ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ पत्थरगाढास्थित हुलाकी सडकमा खाल्डाखुल्डी र हिलोले समस्या परेको भन्दै बिहीबार सडकमै धान रोपेर बिरोध जनाइएको छ ।

हुलाकी सडकको निर्माण कार्य कम्पनीले ढिलासुस्ती गरेकाले सुख्खायाममा धुलो तथा वर्षायाममा हिलोका कारण पैदल, साइकल यात्रु, मोटरसाइकल र टेम्पु लगायतका यात्रु र सवारीधनी समस्यामा परेपछि चक्काजाम गर्दै सडकमै धान रोपेर स्थानियवासी र सवारीचालकले बिरोध जनाएका हुन् ।

पत्थरगाढादेखी मुतनी नदीबीचको दर्जनौं ठाउँमा रहेको खाल्डाखुल्डीले पटक पटक दुर्घटना निम्त्याएको स्थानियवासीको भनाई छ ।

सम्बन्धीत निकायको ध्यानाकर्षण गराउन चक्काजाम र सांकेतिक बिरोध स्वरुप सडकमै धान रोपेका बताउँदै उनीहरुले यसतर्फ स्थानिय प्रशासनले आवश्यक कदम उठाउनु पर्ने माँग गरेका छन् ।

# सङ्क्रमणको तेस्रो लहर आउन सक्छ, सजग रहौँ : स्वास्थ्य मन्त्रालय

काठमाडौँ, ७ साउन (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरस सङ्क्रमणको तेस्रो लहर आउनसक्ने भएकाले सचेत रहन आग्रह गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले बिहीबार विज्ञप्ति जारी गर्दै निषेधाज्ञा खुकुलो भएसँगै सङ्क्रमण दर बढ्दो देखिएकाले तेस्रो लहर आउनसक्ने बताउनुभएको हो ।

तेस्रो लहर आउनसक्ने भएकाले सबै स्वास्थ्य सङ्घसंस्थालाई अक्सिजन, शय्यालगायत पूर्वाधार तयारी अवस्थामा राख्न अनुरोध गरिएको छ । मन्त्रालयबाट तेस्रो लहर आएर भयाभह स्थिति नआओस् भन्नका लागि सबै स्वास्थ्य संस्थालाई तयारी अवस्थामा राख्न अनुरोध गरिएको अधिकारीले बताउनुभयो । "सबै अस्पताललाई अक्सिजन भर्न र शय्या तयारी अवस्थामा राख्न निर्देशन दिएका छौँ", उहाँले भन्नुभयो, "तेस्रो लहरले बालबालिकालाई बढी प्रभाव पार्ने भएकाले बालबालिकाका लागि सघन उपचारकक्ष (आइसीयू) र भेन्टिलेटर तयारी अवस्थामा राख्न भनेका छौँ ।"

नेपालमा गत चैत दोस्रो सातादेखि दोस्रो लहरको सङ्क्रमण छ । नेपालमा अहिलेसम्म सात लाख २४ हजार ४५५ व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ । यस्तै छ लाख ३६ हजार ४०२ व्यक्ति स्वास्थ्य लाभ गरी घर फर्किएका र नौ हजार ६३७ को सङ्क्रमणबाट निधन भइसकेको छ ।

## सय दिन काम...

दिनभर ठप्प रह्यो ।

महिला कामदार ललिता कुमारी यादवले कुलोपैनी र मर्मत सम्भारमा स्थानिय महिला र पुरुष गरि ६२ जनालाई खटाइएको तर, भुक्तानी दिने बेलामा नापी र हाजिर नपुगेको भन्दै ६० दिनको मात्र पारिश्रमिक दिएकोले आफूहरु बिरोधमा उत्रेको बताइन् ।

पारिश्रमिकमा धाँधली भएको भनी राजविराज नगरपालिका तथा जिल्ला प्रशासन कार्यालयमा गुनासोसहितको उजुरी लिएर पटक पटक गएपनि सुनुवाई नभएकाले बाध्य भई तालाबन्दीमा उत्रनु परेको उनको भनाई छ ।

यता वडा अध्यक्ष रामप्रसाद यादवले कुलोपैनी मर्मत र सम्भार कार्य सोझै नगरपालिकाबाट भएको र वडा कार्यालयको कुनै संलग्नता रहेको दाबी गरे । उनले कार्यस्थलमा नगरपालिकाबाट खटेकै प्राविधीकहरुले निरिक्षण, कामको मुल्याङ्कन र हाजिर अनुसार नै पेश गरेको प्रतिवेदन अनुसार नगरपालिकाले भुक्तानी दिएका बताए ।

प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले उक्त विषयमा सत्यतथ्य बुझ्ने काम भइरहेको बताउँदै दुबै पक्षलाई राखी आवश्यक निर्णय गर्ने बताएका छन् ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*